# बुद्धभूमि नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
हनुमानचोक, बुड्ढी, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

# सेवा करारमा कर्मचारी पदपूर्ति सम्बन्धी सूचना

**प्रकाशित मिति: २०८१/०७/२३ गते**

प्रस्तुत सम्बन्धमासुरक्षित आप्रवासन (सामी)परियोजना अन्तर्गत मनोसामाजिक परामर्श सम्बन्धी कार्यक्रम यस बुद्धभूमि नगरपालिकामा सञ्चालन गर्न सुरक्षित आप्रवासन कार्यक्रम (चौथो चरण) सञ्चालन मार्गदर्शन, २०८१ बमोजिममनोसामाजिक परामर्श पदमा खुला प्रतिस्पर्धाबाट सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले नगर कार्यपालिकाको मिति २०८१।०७।०४ गतेको बैठकको निर्णय बमोजिम तथाबुद्धभूमि नगरपालिका अन्तर्गतका विभिन्न स्वास्थ्य संस्थाहरूमा स्वास्थ्यकर्मीहरूको अभाव भई दैनिक स्वास्थ्य सेवा प्रवाहमा समस्या भएकोले तपसिलका पदहरूमा खुला प्रतिस्पर्धाबाट सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले नगर कार्यपालिकाको मिति २०८१।०६।०८ गतेको बैठकको निर्णय बमोजिम निम्नानुसारको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूले १५ दिनभित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा रितपूर्वक निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

क)

| क्र. सं. | विज्ञापन नम्बर | पद | पद संख्या | योग्यता |
|---|---|---|---|---|
| १. | ०२।२०८१।०८२ | मनोसामाजिक परामर्शकर्ता (पाँचौ तह) | १ जना (महिला) | ■ मान्यताप्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्टवा स्टाफ नर्स वा मान्यता प्राप्त विश्वद्यालयबाट पब्लिक हेल्थ/नर्सिंग/मनोविज्ञान/समाजशास्त्र/सोसिएल वर्कमा स्नातक तह,स्वास्थ्य शिक्षाविषयमा स्नातक तह उतीर्ण गरेको र पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उत्तीर्ण गरेको।<br>■ मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालीम प्राप्त गरीराष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट प्रमाण-पत्र भएको रसोही क्षेत्रमा कामगरेको अनुभवी र महिलालाई विशेष प्राथमिकता दिईनेछ।<br>■ प्रचलित कानून बमोजिम सरकारी सेवाको पदका लागि आवेदन दिन अयोग्य नभएको।<br>■ कम्प्युटर सम्बन्धी आधारभुत ज्ञान भएको, ध्यचम, भहअभ्रं, एयधभचएयष्लत मा दिईएको प्रश्नको उत्तर नेपाली वा अंग्रेजी भाषामा उल्लेख गर्नु पर्ने छ।<br>■ नेपाली र अंग्रेजी दुवै भाषामा बोल्न तथा प्रतिवेदन तयार गर्ने सक्ने।<br>■ उमेर १८ बर्ष पुरा भई ४५ बर्ष ननाघेको हुनु पर्नेछ। |

ख)

| क्र.सं. | विज्ञापन नम्बर | पद | पद संख्या | योग्यता |
|---|---|---|---|---|
| २. | ०३।२०८१।०८२ | अ.हे.व. | (चौथो तह) ४ (चार) | ■ मान्यता प्राप्त संस्थाबाट सि.एम.ए. उत्तीर्ण गरेको हुनुपर्ने छ।<br>■ उमेर १८ बर्ष पुरा भई ४० बर्ष ननाघेको हुनु पर्नेछ।<br>■ स्वास्थ्य व्यवसायी परिषदमा दर्ता भई नवीकरण भएको हुनुपर्नेछ। |
| ३. | ०४।२०८१।०८२ | अ.न.मी. (चौथो तह) | ४ (चार) | ■ मान्यता प्राप्त संस्थाबाट अ.न.मी. उत्तीर्ण गरेको हुनुपर्ने छ।<br>■ उमेर १८ बर्ष पुरा भई ४० बर्ष ननाघेको हुनु पर्नेछ।<br>■ नेपाल नर्सिङ परिषदमा दर्ता भई नवीकरण भएको हुनुपर्नेछ। |

कार्य अवधिः हाललाई २०८२ असार मसान्त सम्म, कार्यक्रमको आवश्यकता तथा कार्य सम्पादन/मुल्यांकनका आधारमा नवीकरण हुन सक्नेछ।

परिक्षाको किसिम :मनोसामाजिक परामर्श कर्ताको हकमालिखित, अन्तवार्ता र प्रयोगात्मक तथा अ.हे.ब. र अ.न.मी. को हकमा लिखित र अन्तवार्ता

दरखास्त दस्तुरःमनोसामाजिक पदको हकमा रू. ७००।- (सात सय मात्र) र अ.हे.व. र अ.न.मी. को हकमा रू. ५००।- (पाँच सय मात्र)

तलव तथा अन्य सुविधाःमनोसामाजिक पदको हकमा कार्यक्रमको नियमानुसार र अ.हे.व. र अ.न.मी. को हकमा कार्यालयको नियमानुसार।

आवश्यक कागजातहरूः माथि उल्लेखित योग्यता पुगेका इच्छुक नेपाली नागरिकले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी, अनुभवको प्रमाणपत्रको प्रतिलिपिर पासपोर्ट साईजको फोटोएक प्रतिसाथै आफुले आवेदन दिन चाहेको पद प्रष्ट रूपमा खुलाई निवेदन सहित नगरपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ। तोकिएको समयभन्दा पछि आएका आवेदनहरूलाई छनौट प्रक्रियामा समावेश गरिने छैन।

पाठ्यक्रमः लोकसेवा आयोगले (पाँचौ, चौथो तहको लागि) तोकेको पाठ्यक्रम।

छनौट प्रक्रियाःलिखित, अन्तर्रवार्ता र प्रयोगात्मक।

दरखास्त दिने अन्तिम मिति : २०८१।०८।०७गतेका दिन कार्यालय समय भित्र बुझाउन सकिने छ आवेदन बुझाउने अन्तिम मितिको दिन सार्वजनिक विदा परेमा विदाको भोलिपल्ट निवेदन बुझाउन सकिने छ।

परीक्षा मितिःकार्यालयले पछि तोक्ने छ।

**पदपूर्ति समिति**